नेपाल सरकार
राष्ट्रिय योजना आयोग

# केन्द्रीय तथ्याङ्क विभाग

जनसंख्या शाखा

प.सं. ०७६/७७
च.नं. १४८ (प्रा.)

मिति : २०७७/०२/२६

श्री तथ्याङ्क कार्यालय
नमुना (पाइलट) जनगणना सञ्चालन गर्नेहरु

**विषय : नमुना पाइलट जनगणना र घरपरिवार सूचीकरण इन्ट्री गर्ने बारे ।**

प्रस्तुत विषयमा राष्ट्रिय जनगणना २०७८ कार्यक्रम अन्तर्गत नमुना (पाइलट) जनगणना घर तथा घर परिवार सूचीकरण कार्य सम्पन्न भईसकेको तर कोभिड १९ ले गर्दा नेपाल सरकारले लकडाउन घोषणा गरेको कारणले सामुदायिक प्रश्नावली र मुल गणनाको स्थलगत तथ्याङ्क संकलन कार्य विभागको मिति २०७६/१२/०९ को पत्रानुसार स्थगित भएकोमा अर्थ मन्त्रालयको मिति २०७७/०२/०३ गते च.नं. १९७८ को पत्रबाट तथ्याङ्क प्रविष्टि लगायतका कार्य गर्न बजेट फुकुवा भई आएको सन्दर्भमा र नमुना (पाइलट) जनगणनाको सम्पन्न हुन बाँकी स्थलगत कार्य गर्न विभागको मिति २०७७/०२/ २५/२६ को निर्णय अनुसार तपसिलका कार्य मिति २०७७/०३/०१ देखि सञ्चालन गर्नुहुन निर्णयानुसार अनुरोध छ ।

तपसिल

(क) घर तथा घरपरिवार सूचीकरणको भरिएका फारामहरु र माथि उल्लेखित मुल प्रश्नावलीको फिल्ड कार्य सम्पन्न भए पश्चात् CSPro software मा इन्ट्री गरी विभागमा पठाउने ।

(ख) नमुना (पाइलट) जनगणनाको स्थलगत कार्य गर्न गणकलाई Refreshment तालिम दिई देहाय अनुसारको व्यवस्था मिलाई फिल्डमा खटाउने ।

१. जिल्ला जनगणना समन्वय समितिसँग कोरोनाको विषम परिस्थितिमा नमुना (पाइलट) जनगणना गर्नुको कारण र यसले पार्ने प्रभावको बारेमा जानकारी गराई समन्वयात्मक ढंगबाट कार्य गर्ने ।
२. गणक तथा सुपरिवेक्षकलाई कम्तिमा ६ फिट (२ मिटर) को दुरीमा रही कार्य गर्न निर्देशन दिने ।
३. सबै गणक तथा सुपरिवेक्षकलाई पञ्जा, मास्क र सेनिटाइजरको व्यवस्था गर्ने ।
४. प्रश्नावलीको विवरण भर्दा उत्तरदाता/परिवारमूलीको सहमति लिने ।
५. उत्तरदाताको घरभित्र नपस्ने, उत्तरदातासँग घरबाहिर खुला ठाउँमा बसेर अन्तर्वार्ता लिने ।
६. घरपरिवारको कुनै पनि वस्तु वा सामाग्रीमा हात नलगाउने वा नछुने ।
७. स्थानीय तह वा वडा कार्यालय (सम्बन्धित गणना क्षेत्र) लाई जानकारी दिई समन्वयमा कार्य गर्ने
८. अन्य सुरक्षाका यथेष्ट उपाय अवलम्वन गरी कार्य गर्ने ।

(ग) घर तथा घरपरिवार सूचिकरण फारामको (संकलित) प्रविष्टिको लागि सम्बन्धित तथ्याङ्क कार्यालयबाट उपलब्ध जनशक्तिबाट स्वीकृत **"राष्ट्रिय जनगणना २०७८ को प्रशासनिक व्यवस्थापन तथा आर्थिक सूविधा सम्बन्धी मापदण्ड, २०७६"** अनुसार भुक्तानी गर्न वील भरपाई/कागजात विभागमा पठाउने ।

(घ) प्रकरण (ग) मा उल्लेख गरिए अनुसार नै गणकले संकलन गरेको मुख्य प्रश्नावली फारामको प्रविष्टि सम्बन्धित जिल्लाबाटै गरी भुक्तानीको लागि विभागमा लेखि पठाउने ।

(दीनानाथ लम्साल)
त.अ.